दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक २७८ | बुटवल | २०८१ असोज १८, गते शुक्रबार | नेपाल संवत ११४४ | Friday Oct. 04, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईंको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्।

सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१


## ‘पाणिनीमा शिक्षक-कर्मचारी बैंक प्रभावकारी’



**अविजित पन्थी**
*पाणिनी (अर्घाखाँची)*

सामान्यतया आर्थिक कारोबार गर्नको लागि बैंकको प्रयोग गरिन्छ भन्ने हुन्छ। तर सामुदायिक विद्यालयमा पनि शिक्षकहरूको पदपूर्तिको लागि शिक्षक बैंक खोलिएको भन्ने कुरा सुन्दा नौलो लाग्न पनि सक्छ। तर अर्घाखाँचीको पाणिनी गाउँपालिकाले लामो गृहकार्य पछि शिक्षाविद्, विद्यालयका प्रधानाध्यापक तथा व्यवस्थापन समिति, कर्मचारी र सरोकारवाला बुद्धिजीविसँगको छलफलपछि पालिकाबाट नै कार्यविधि बनाएर शिक्षक बैंक खोलेको छ।

अर्घाखाँचीको पाणिनी गाउँपालिकाले पालिकाअन्तर्गतका सामुदायिक विद्यालयमा रिक्त भएका र आगामी दिनमा रिक्त हुने पदमा करारमा पद पूर्ति गर्न एकीकृत परीक्षा प्रणालीबाट शिक्षक-कर्मचारी बैंक तयार गर्ने कार्यविधि, २०८१ बनाई कार्यपालिकाबाट गत साउन २२ मा स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ।

अर्घाखाँचीमा यसरी शिक्षक-कर्मचारीको बैंक सञ्चालन गर्ने यो पहिलो पालिका बनेको छ। कार्याविधिअनुसार गाउँपालिकाले गत साउन २३ गते शिक्षक कर्मचारी बैंक तयार गर्ने परीक्षाको लागि विज्ञापनको सूचना आव्हान गरी विद्यालय सहायक कर्मचारी, बालविकास सहजकर्ता, प्राथमिक तह, निम्न माध्यमिक तहमा (अंग्रेजी, गणित, विज्ञान, सामाजिक र नेपाली) र माध्यमिक तहमा (अंग्रेजी, गणित, विज्ञान, समाजिक र नेपाली) विषयमा शिक्षक बैंकको लागि विज्ञापन गरेको थियो। जसअन्तर्गत विभिन्न तह र विषयमा गरी जम्मा १७१ जनाको आवेदन परेको थियो।

उक्त आवेदन दिने परीक्षार्थीहरुको गाउँपालिकाले परीक्षा सञ्चालन गरी सफल हुने उम्मेदवारहरुको तह र विषयअनुसार एकमुष्ट योग्यताको क्रम सूचीअनुसार राखिएको छ, जसको समायवधि एक वर्षको हुने छ । विद्यालयमा पद खाली भई नियमित पठनपाठनमा पर्ने समस्यालाई तत्कालै हटाउनको निम्ति तथा विद्यार्थीलाई पनि शिक्षक नभई पठनपाठनमा असर नपरोस् भनी छिटो र छरितो रूपमा पदपूर्ति गर्नको लागि शिक्षक-कर्मचारी बैंकको स्थापना गरिएको पालिका अध्यक्ष टेकराज न्यौपानेले बताए।

प्रमुख प्रशासकीय अधिकृत रोमनाथ न्यौपानेका अनुसार विद्यालयहरूमा रिक्त हुने पदका लागि पटक-पटक विज्ञापन निकाल्नुपर्ने र त्यसमा आवेदन पनि कम मात्रामा अथवा कति विद्यालयमा त आवेदन नै नपर्ने भएकाले विद्यालयलाई विज्ञापन निकाल्दा धेरै खर्च लाग्ने गरेकाले शिक्षक कर्मचारी बैंकमार्फत् नै शिक्षक पदपूर्तिको लागि एकमुष्ट परीक्षा सञ्चालन हुन्छ। यसबाट शिक्षक नियुक्तिको लागि आर्थिकभार विद्यालयले बेहोर्नु नपर्ने भएको छ। यससँगै शिक्षक-कर्मचारी बैंकले परीक्षार्थीहरूलाई पनि फाइदा गरेको छ। शिक्षक सेवा आयोग र लोकसेवा आयोगको तयारी गरिरहेका परीक्षार्थीहरूलाई पालिकाले सञ्चालन गरेको शिक्षक बैंकमार्फत् पनि धेरै सिकाइको अभ्यासहरू भएको छ।

# नेपाल–भारत र बंगलादेशबिच विद्युत् व्यापारको ऐतिहासिक सम्झौता

बंगलादेशले ५ वर्षमा नेपालबाट ७ अर्ब ३९ करोड रुपैयाँको विद्युत् खरिद गर्ने भएको छ। नेपाल, भारत र बंगलादेशका अधिकारीहरूले नेपालबाट ४० मेगावाट विद्युत् बंगलादेश निर्यात गर्न भएको त्रिपक्षीय सम्झौता ऐतिहासिक भएको बताएका छन्।

**लुम्बिनी संवाददाता**
*बुटवल*

नेपाल र बंगलादेशबिच ४० मेगावाट विद्युत् आयातनिर्यातको लागि बिहीबार सम्झौता भएको छ।

नेपालका ऊर्जामन्त्री, बंगलादेशका वातावरणमन्त्री र भारतीय राजदूतको उपस्थितिमा काठमाडौंमा विद्युत् निर्यातको लागि त्रिपक्षीय सम्झौता भएको हो।

भारतको एनटीपीसी विद्युत् व्यापार निगम (एनभीभीएन), बंगलादेशको बंगलादेश पावर डेभलपमेन्ट बोर्ड (बीपीडीबी) र नेपाल विद्युत् प्राधिकरणले सम्झौतामा हस्ताक्षर गरेका छन्।

यसअघि २ पटक मिति तय भएर पनि सम्झौतामा हस्ताक्षर हुन सकेको थिएन। विद्युत् बिक्रीबापत नेपालले प्रतियुनिट ६.४० अमेरिकी सेन्ट पाउनेछ। ऊर्जा मन्त्रालयका अनुसार नेपाल र बंगलादेशबिच विद्युत् निर्यातको सम्झौता र नेपाल, भारत र बंगलादेशबिच भारतीय प्रसारणलाइनमार्फत् विद्युत् लैजान हस्ताक्षर भएको छ।

बंगलादेशकी वातावरणमन्त्री (अन्तरिम सरकारको वातावरण सल्लाहकार) सइदा रिजवाना हसन बुधबार नेपाल आएकी थिइन्।

अहिलेको विनिमय दरअनुसार बंगलादेशले ५ वर्षमा ७ अर्ब ३९ करोड रुपैयाँको विद्युत् खरिद गर्ने अनुमान छ।

नेपाल, भारत र बंगलादेशका अधिकारीहरूले नेपालबाट ४० मेगावाट विद्युत् बंगलादेश निर्यात गर्न भएको त्रिपक्षीय सम्झौता ऐतिहासिक भएको बताएका छन्। काठमाडौंमा बिहीबार आयोजित कार्यक्रममा बोल्दै ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले नेपालको विकासमा यो सम्झौताले महत्त्वपूर्ण योगदान गर्ने बताए।

बीबीआइएन क्षेत्रमा व्यापार साझेदारीमा यो महत्त्वपूर्ण उपलब्धि भएको उनको भनाइ थियो। यो पहललाई निष्कर्षमा पुऱ्याउन भारतको सहयोग महत्त्वपूर्ण भएको उनको भनाइ थियो।

मन्त्री खड्काले नेपालले इतिहासमै पहिलोपटक जलविद्युत् ऊर्जा तेस्रो मुलुकमा निर्यात गर्ने भएकाले यो सम्झौता नेपालको ऊर्जा क्षेत्रमा ऐतिहासिक भएको बताए।‘आजको यो उपलब्धि सन् २०१८ देखि नेपाल र बंगलादेशले ऊर्जा क्षेत्र सहयोगसम्बन्धी समझदारी पत्रमा हस्ताक्षर गरेपछि संयुक्त कार्यदल र संयुक्त सञ्चालन समितिको ६ वटा सफल बैठक तथा त्यसपछिको निरन्तर प्रयासको प्रतिफल हो।’-मन्त्री खड्काले भने।

बंगलादेशकी वन, वातावरण, जलवायु परिवर्तन तथा जलस्रोतमन्त्री सैयदा रिजवाना हसनले यो सम्झौता दक्षिण एसियाली विद्युत् सहकार्यमा कोशेढुंगा भएको बताइन्।



‘बंगलादेश जनतालाई स्वच्छ र सुरक्षित ऊर्जा उपलब्ध गराउन प्रतिबद्ध छ। त्यसका लागि यो महत्त्वपूर्ण कदम हो।’-उनले भनिन्। भारत, नेपाल र बंगलादेशको पारस्परिक लाभका लागि यो महत्त्वपूर्ण रहेको उनको भनाइ थियो। आगामी दिनमा यो सहकार्य अझै बढ्ने उनले बताइन्।

‘बंगलादेशलाई अझैँ ठूलो मात्रामा स्वच्छ ऊर्जाको आवश्यकता छ। जुन नेपालको ठूलो सम्भावनाले पूर्ति गर्न सक्छ।’- उनले भनिन्।नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले दक्षिण एसियाली उपक्षेत्रीय विद्युत् साझेदारीका लागि भारत प्रतिबद्ध भएको बताए। नेपालले भरतमा विद्युत् निर्यात गर्न थालेदेखि अहिलेसम्म निकै ठूलो उपलब्धि हासिल गरेको उनले बताए।‘नेपालले आज १ हजार मेगावाट विद्युत् भारत निर्यात गर्न सक्छ। जबकि तीन वर्षअघि यो ३० मेगावाटबाट सुरु भएको थियो। गत आर्थिक वर्षमा नेपाल खुद विद्युत् निर्यातकर्ता बनेको थियो।’-उनले भने।उत्पादन, प्रसारण र व्यापारमा काम गर्न भारतीय कम्पनीहरू इच्छुक रहेको उनले जनाए।

‘नेपालमा भारतको सरकारी लगानीका एसजेभीएन र एनएचपीसीले काम गरिरहेका छन्।’-उनले भने।

हाल ढल्केबर-मुजफ्फरपुर क्रसबोर्डर लाइनबाट विद्युत् व्यापार भइरहेको भन्दै उनले बन्दै गरेको गोरखपुर-बुटवल बनेपछि दोब्बर हुने बताए।

**भारतको अनुदानमा दुई पेट्रोलियम पाइपलाइन बन्ने**

भारत सरकारको अनुदान सहयोगमा दुई पेट्रोलियम पाइपलाइन बन्ने निश्चित भएको छ। नेपाल आयल निगमका कार्यकारी निर्देशक डा. चण्डिकाप्रसाद भट्ट र इण्डियन आयल कर्पोरेशनका निर्देशक सेन्थल कुमारबिच पेट्रोलियम पाइपलाइन र भण्डारण क्षमता निर्माणसम्बन्धी सम्झौता भएको हो।

बीटूबी फ्रेमवर्क एग्रिमेन्ट भारत सरकारका पेट्रोलिमय तथा नेचुरल ग्यास सचिव पंकज जैन र इन्डियन आयल कर्पोरेसनका अध्यक्ष सतिस कुमारको उपस्थितिमा बिहीबार भएको हो।

सम्झौताअनुसार भारतको सिलिगुडीदेखि नेपालको झापास्थित चारआलीसम्म ५० किलोमिटर लामो पेट्रोलियम पाइपलाइन र झापाको आरआलीमा १८ हजार ९ सय किलोमिटर क्षमताको स्मार्ग ग्रिनफिल्ड टर्मिनल भारत सरकारको अनुदानमा निर्माण हुने भएको छ। नेपालको अमलेखगञ्जबाट चितवनको लोथरसम्म ६२ किलोमिटर लामो पेट्रोलिम पाइपलाइन परियोजना समेत भारत सरकारको अनुदानमा निर्माण हुने भएको छ।

चितवनको लोथरमा ९१ हजार ९ सय किलोलिटर क्षमताको स्मार्ट ग्रिनफिल्ड टर्मिनल भारत सरकारको प्राविधिक सहयोगमा नेपाल आयल निगमको लगानीमा निर्माण हुने भएको छ। यी परियोजनाहरूको कुल लागत १५ अर्ब रुपैयाँ अनुदान रहने निगमले जनाएको छ।

# १६ महिनामा लुम्बिनी केबलकारले भित्रायो पौने तीन लाख पर्यटक




**लुम्बिनी संवाददाता**
*बुटवल*

बुटवलको लुम्बिनी केबलकारमा १६ महिनामा पौने तीन लाख पर्यटक आएका छन्। बुटवलको गोलपार्क बमघाटदेखि पाल्पाको तिनाउ गाउँपालिका- ३ बसन्तपुर जोड्ने गरी बनेको केबलकार २०८० साल जेठ १५ गतेदेखि व्यवसायिक सञ्चालनमा आएको थियो। केबलकार सञ्चालनमा आएको १६ महिनामा आन्तरिक र बाह्य गरी २ लाख ८५ हजार पर्यटक भ्रमणमा आएका कम्पनीले जनाएको छ। आइएमइ ग्रुपको नेतृत्वमा स्थानीय समेतको गरी डेढ अर्ब बढी लगानीमा बनेको लुम्बिनी केवलकार लुम्बिनी प्रदेशको पहिलो केबलकार हो।

कूल पर्यटकमध्ये एक लाख ६० हजार नेपाली, भारतीयसहित सार्क राष्ट्रका २२ हजार र तेस्रो मुलुकका सय जना पर्यटक लुम्बिनी केबलकार चढेर बसन्तपुर पुगेका कम्पनीका अपरेसन म्यानेजर डीएन कायस्थ सैंजूले बताए।

यस्तै कम्पनीले टिकट दरमा विशेष छुट दिएर सञ्चालन गरेको मर्निङ अफर, चाडपर्व अफरलगायतका अफरमा नेपाली र भारतीय गरी करिब ६९ हजार जना पर्यटकले केबलकार यात्रा गरेका अपरेसन म्यानेजर सैंजूले जानकारी दिए।

बसन्तपुरमा प्रख्यात शक्तिपीठ कामाख्या देवीको मन्दिर र सय वर्षदेखि पूजाआजा हुँदै आएको दुर्गा माताको मन्दिर छन्। कामाख्या देवीको दर्शनले मनोकामना पूरा हुने र सांसारिक बन्धनबाट मुक्ति पाइने धार्मिक विश्वासले नेपाल र भारतका विभिन्न शहरबाट भक्तजनहरु आउने गरेको धर्मगुरु किशोर गौतम बताउँछन्।

समुद्री सतहबाट ९४० मिटर उचाईमा रहेको बसन्तपुरमा तराईका ठाउँभन्दा ७ देखि १० डिग्री सेल्सियस कम तापक्रम हुने भएकाले गर्मी मौसममा शितल र जाडो याममा घाम लागेर न्यानो हुने भएकाले पर्यटकको लागि रोजाइको थलो बनेको छ।

केबलकारमा नेपालीसँगै भारतको गोरखपुर, लखनउलगायत उत्तर प्रदेशका विभिन्न शहरका पर्यटक समेत उल्लेख्य संख्यामा आउने गरेका केबलकारका व्यवस्थापक प्रज्ज्वल घिमिरेले बताए। माथिल्लो स्टेशनमा जीप लाइन, स्काइ साइक्लिङ, बाल उद्यान, रेष्टुराँ, ज्वायन्ट स्वीङ (पिङ) लगायत पूर्वाधार बनेका छन्। बसन्तपुरबाट बुटवल, तिलोत्तमा हुँदै भैरहवासम्मको दृश्य र मौसम सफा हुँदा हिम श्रृंखला समेत देख्न सकिन्छ।

अष्ट्रियाको विश्व विख्यात डुपलमायर कम्पनीबाट बनेको लुम्बिनी केबलकार २ किलोमिटर ६ सय मिटर लामो छ। २५ वटा गोन्डला रहेको केबलकारले दैनिक ६ हजार पर्यटक आवत जावत गराउन सक्छ। विश्वका विभिन्न देशमा सय वर्षदेखि १५ हजार बढी संख्यामा सञ्चालनमा रहेको यो केबलकारको प्रविधि विश्वमै अत्याधुनिक र सुरक्षित रहेको अपरेसन म्यानेजर सैंजू बताउँछन्।

‘पर्यटकलाई शहरको कोलाहलबाट मुक्त भई स्वच्छ, शान्त वातावरणमा दिनभर घुम्न र रमाउन सक्ने पूर्वाधार बनाएका छौं, त्यसैले पर्यटकको आगमन उत्साहजनक छ,’ घिमिरेले भने-‘पर्यटकको माग र चाहनाअनुसार सुविधा थप्दै यसलाई प्रदेशकै नमूना पर्यटकीय गन्तव्य बनाउँदैछौं।’ केबलकार सञ्चालनमा आएपछि प्रदेश सरकारको पर्यटन विकास परिषद्ले बसन्तपुरलाई प्रमुख पर्यटकीय स्थलको सूचीमा सूचीकृत भएको परिषद्का प्रमुख रामु जोशीले बताए।

लुम्बिनी केबलकार सञ्चालनमा आएपछि बुटवल र बसन्तपुरमा नयाँ धार्मिक र पर्यटकीय गन्तव्य थपिएको र बुटवलको व्यवसाय चलायमान भएको बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद अर्यालले बताए।

केबलकार र पाँचतारे होटेलसहित कुल लागत ५ अर्ब रुपैयाँ लागतको आयोजनाअन्तर्गत दुई वर्षभित्र साढे तीन अर्ब लगानीमा बसन्तपुरमा एकसय ५० कोठा, एक हजार जना क्षमताको बैंक्वेट हल, क्यासिनोसहित पाँचतारे होटेल बनाउने प्रकृया अघि बढेको आइएमइ ग्रुपका अध्यक्ष चन्द्रप्रसाद ढकालले बताए। लगानीअनुसारको प्रतिफल प्राप्त गर्न आन्तरिक पर्यटक मात्र पर्याप्त नहुने भएकाले भारतीय पर्यटक भित्र्याउन आगमन संख्या बढाउन र बसाई लम्ब्याउन सरकारले नीतिगत सुधार गर्नुपर्ने अध्यक्ष ढकालको माग छ।

‘भारतसँग सीमा नाका जोडिएको जिल्लाको कम्तीमा चुरे फेंदीसम्म भारतीय पर्यटकलाई आफ्नै सवारी साधनमा सहजरुपमा आउन र चाहेजति रकम नेपालमा खर्च गर्न पाउने व्यवस्था सरकारले गर्नुपर्छ,’ अध्यक्ष ढकालले भने-‘अर्कोतर्फ भारतीय पर्यटकको सवारी साधनलाई सुरक्षा निकायबाट हुने अनावश्यक चेकजाँच पनि रोक्नुपर्छ।’




## सम्पादकीय

# भैरहवाको ट्राफिक व्यवस्थापन

पर्यटकीयस्थल लुम्बिनीको प्रवेशद्वार भैरहवामा ट्राफिक व्यवस्थापन चुस्त हुन सकेको छैन। स्थलमार्गबाट धेरै पर्यटक आउने बेलहिया नाका पनि यही पर्ने भएकाले पर्यटकमैत्री पूर्वाधार र व्यवस्थापनमा ध्यान नपुग्नु सरकारी निकायको गैरजिम्मेवारी हो।

पर्यटकीय क्षेत्रमा पर्यटकमैत्री वातावरणले नै पर्यटक आगमन बढ्ने हो। उनीहरुले फर्कदा सकारात्मक सन्देश लिएर जान सक्छन्। बेलहिया नाकाबाट छिर्नेबित्तिकै गाडीको जाम, मनपरी पार्किङ र बर्खामा हिलाम्मे र हिउँदमा धुलाम्मे सडकले उनीहरुले लिएर जाने सन्देश कस्तो होला ? भैरहवामा बसपार्क छ, तर बसपार्कमै बस पार्किङ्लाई कडाइ गर्न प्रहरीले सकेको छैन। ट्रकहरुको पार्किङ् सडक किनारमै भइरहेको छ। साना गाडीको पार्किङ् पनि सडकमै हुन्छ। व्यवसायीले व्यापार गर्न पसल खोलेका छन्, तर उनीहरुका गाडी पसल अगाडि पार्किङ् भइरहेका छन्। पार्किङ अस्तव्यस्त हुँदा शहरको सौन्दर्य नै हराएको छ। फराकिला सडक त बनेका छन्, तर ती सडक गाडी पार्किङ् गर्ने थलो बन्नु भैरहवाको दुर्भाग्य हो।

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट हवाइ उडान बढाउन पहल भइरहेको छ। आन्तरिक उडान हुँदै आइरहेको यो विमानस्थलबाट अब केही समयभित्रै अन्तर्राष्ट्रिय उडान हुँदैछ। अन्तर्राष्ट्रिय उडान भएसँगै यहाँ आवागमन अझैं बढ्दै जानेछ। अब ट्राफिक व्यवस्थापन गर्न स्पष्ट कार्ययोजना बनाएर अघि बढ्नुपर्छ। तत्काल र दीर्घकालसम्म गर्नुपर्ने कामका बारेमा सिद्धार्थनगर नगरपालिकाले प्रष्ट धारणा अघि सार्नुपर्छ। ट्राफिक प्रहरीले पनि भैरहवाको ट्राफिक व्यवस्थापन के गर्दा चुस्त बनाउन सकिन्छ भन्ने बारेमा स्थानीय तहसँगको साझेदारीमा अघि बढ्नु उत्तम हुन्छ।

शहरमा फराकिला सडक बनाएर मात्रै हुँदैन्, ती सडक पार्किङ्का लागि प्रयोग भए भने त्यसको महत्व र उपयोगिता हुँदैन। फराकिला सडकमा गाडी कुद्न पाए मात्रै शहरमा आवागमन सहज हुन्छ। अहिले भइरहेको भद्रगोललाई थप नबढाउनका लागि अहिले नै पहल थाल्नु परिपक्क काम हुन्छ।


## श्री गणेश माध्यमिक विद्यालय जगन्नाथपुर
प्रतापपुर गाँउपालिका–७, नवलपरासी

### शिक्षकको आवश्यकता।

मिति :- २०८१/०६/१८

प्रस्तुत विषयमा प्रतापपुर गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखा न.प. (व.सु.प.) को च.नं. ५०३ मिति २०८१ /०६ /१५ गतेको पत्राचार तथा यस विद्यालयको मिति २०८१।०६।१८ गतेको वि.व्य.स. को निर्णयानुसार नि.मा.वि. तहको नेपाली विषयको राहत कोटामा शिक्षकको आवश्यकता भएको हुनाले १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको इच्छुक नेपाली नागरिकहरुले तपसिल अनुसारको आवश्यक कागजातहरुको प्रतिलिपि सहित मिति २०८१/०७ /०२ गते सम्म विद्यालय समय भित्र दरखास्त आव्हान गरिन्छ।

**तपसिल**

१. पद / संख्या- शिक्षक / १(एक)
२. तह / नियुक्ति किसिम नि.मा.वि. (राहत कोटा) ३. विषय- नेपाली
४. योग्यता- सम्बन्धित विषयमा मूल विषय लिई प्रवीणता प्रमाणतपत्र तह (प्लस२) वा सो सरह उत्तीर्ण गरेको।
५. तलब- नेपाल सरकारले तोके बमोजिम।
६. परीक्षाको किसिम लिखित, मौखिक र आवश्यक भए प्रयोगात्मक।
७. दरखास्त दस्तुर- १५०० (एक हजार पाँच सय मात्र)
८. शैक्षिक योग्यताको प्रतिलिपि।
९. स्थायी अध्यापन अनुमति पत्र र तालिमको प्रतिलिपि।
१०. निरोगिता प्रमाण पत्रको प्रतिलिपि।
११. दरखास्त दिने अन्तिम मिति २०८१/०७ /०२ गते ४:०० बजे भित्र।
१२. सम्पर्क मिति २०८१/०७ /०२ गते ४:०० बजे।
१३. परीक्षा मिति- सम्पर्क मितिको दिन तोकिनेछ।
१४. करार सूचीको उम्मेदवारको दरखास्त आएमा योग्यता क्रमको नियुक्ति गरिनेछ।

**नोटः– थप जानकारीको लागी ९८५७०३१०१५ र ९८४७२०६६२९ सम्पर्क गर्न सकिनेछ।**

श्रीराम प्रसाद पासी
अध्यक्ष(९८४९९०२४८४)

अमरेन्द्रवर्मा अमरेन्द्र वेमी कोइरी
प्रधानाध्यापक (९८४७४१६९३६)


# भावपूर्ण अन्तिम श्रद्धाञ्जली कार्कीजी



विनबहादुर कुँवर

असोज १२ गते बिहान देशव्यापी वर्षा भइरहेको थियो। रेडियो, टेलिभिजन र विभिन्न अनलाइन समाचारहरुले देशव्यापी भइरहेको वर्षा अनि त्यसबाट भएको ठूलो जनधनको क्षतिको विवरण बताइरहेका थिए। त्यो सुन्दै र हेर्दै बसिरहेको अवस्थामा अचानक अधिवक्ता तथा नागरिक अगुवा पदमबहादुर कार्कीको फोन आयो। फोनमा अत्यन्त दुःखित स्वरमा भन्नुभयो, कार्की दाइ बच्नु भएन, छोरीले निधन भएको बताइन्। केही समय म फोनमा बोल्नै सकिन । के भन्ने के नभन्ने नमर्स। तर तुरुन्तै समालिदै भने म आइहाल्छु पाल्पा गइहाल्यौ। तर पदमजीले पाल्पा जाने बाटो बन्द छ कसरी त्यहाँ जाने ? मैले बुझ्छु र तपाईंलाई जानकारी गरी त्यहीअनुसार जे गर्नु पर्ने हो त्यही गरौंला भन्नुभयो।

कर्णबहादुर कार्कीजी गत दुई वर्षदेखि मृर्गौलाले काम गर्न नसकी मृर्गौला रोग पीडित हुनुहुन्थ्यो। मृर्गौला ट्रान्सप्लान्ट गर्ने कुरा चलिरहेको थियो। यही अवस्थामा उहाँलाई अर्को रोग हर्नियाले पनि सताएकाले यही भाद्र महिनामा त्यसको उपचार अञ्चल अस्पतालमा भएको थियो। अब उहाँको मृर्गौला बदल्नका लागि संघीय सरकार, प्रदेश र विभिन्न स्थानीय सरकारसँग समन्वय गरी त्यसको आर्थिक जोहो गर्ने कुरा पत्रकार डा. बालकृष्ण चापागाईं, मोहन चापागाईं अनि अधिवक्ता पदमबहादुर कार्कीसँग भइरहेको थियो। संघीय सरकारका मन्त्रीहरुसँगको भेटका लागि काठमाडौं जाने सल्लाह पनि भएको थियो। तर एकाएक पदमजीले कार्की दाइलाई रोगले अलि बढी चापेकाले बुटवल मुटु अस्पतालमा ल्याएको कुरा बताउनुभयो। हतारिंदै म त्यहाँ पुगे। बाहिर छोरी निरु बसेकी, सोधिहाले कार्कीजी कहाँ हुनुहुन्छ ? छोरीले हस्पिटल बेडमा पुर्‍याइन, बाबा अंकल आउनुभएको छ। आँखा एकदमै चिम्लिएको अवस्था, शरीर सबै शिथिल। बिरामी भए पनि जहिले पनि बोल्दा र हेर्दा अत्यन्त फुर्तिलो र हँसिलो अनुहारमा देखिने कार्कीजीको त्यो अवस्थाले मलाई खिन्न पार्‍यो। तै पनि हात-मुख सुमसुमाउँदै कार्कीजी भने पुलुक्क आँखा उघार्नु भयो र भने मलाई चिन्नुभयो। शिर हल्लाएर अँ भन्नुभयो । तर तुरुन्त आँखा चिम्लिहाल्नुभयो। मेरो उहाँसँगको जिउँदो अन्तिम भेट त्यही भयो। दुःखले केही आँसु खसाल्नु बाहेक अरु केही गर्न सकिएन।

पछि बाहिर अर्की कान्छी छोरी पनि लण्डनबाट त्यहाँ आएकी रहिछन्। लामो समयदेखि देख भेट नभएको बच्चा हुँदा देखेको चिन्न नै मुश्किल, तर उनले भने मलाई चिनिहालिन्। नमस्ते अंकल भनिहालिन्। नमस्ते भने। बुबाको बारेमा कुराकानी भयो।

डाक्टरहरुले घरमै लैजान भनेका छन् भनिन्। त्यही बेलामा पदमजी पनि आउनु भयो। के गर्ने सरसल्लाह भयो। बेड भए अञ्चल अस्पतालमा भर्ना गर्नु पर्छ कि भनी हामीले चिने जानेका डा. वीरेन्द्रकुमार यादवसँग कुराकानी भयो। उहाँले इञ्चार्ज डाक्टरसँग नै सम्पर्क गर्न सुझाउनु भयो। उक्त हस्पिटलका डाक्टर सापहरुको सरसल्लाह अनुसार अञ्चल हस्पिटलको इमर्जेन्सी विभागमा भर्ना गरिहाल्ने पछि बेडमा मिलाउने कुरा भयो। त्यहीअनुसार छोरी र उहाँका आफन्तहरुले उहाँलाई अञ्चल अस्पतालमा लैजाने काम भयो। तर पछि कार्कीले म यहाँ बस्दिन घरै लैजान जिद्धी गरेकाले पाल्पा घरमै लैजाने काम भयो।

कार्कीजीको बाँच्ने आशा मरिसकेको रहेछ। त्यस्तो के कारणले भयो, बुझ्न सकिएन। नेकपाका नेता शरद ओली पाल्पामा नै गई भेट गर्दा अब मलाई कत्ति पनि बाँच्ने रहर छैन छिट्टै मर्ने इच्छा व्यक्त गर्नुभएको कुरा कमरेड ओलीले बताउनुभयो। नभन्दै असोज १२ गते उहाँको मृत्यु भयो। उहाँको त्यो मृत्युले धेरैलाई दुःखित पार्‍यो। उक्त निधनमा उहाँको अन्तिम भावपूर्ण श्रद्धाञ्जली विदाई दिन बाटो खुले उहाँको मृतक शवलाई बुटवलमा ल्याउन सके हुन्थ्यो भन्ने सबैको सुझाव भयो। त्यही अनुरुप उहाँको शवलाई बुटवलमा नै ल्याउन लागेको खबर मलाई पदमजीले गर्नुभयो। त्यही अनुरुप म तुरुन्त दैनिक लुम्बिनी प्रकाशन कार्यालयमा पुगें। त्यहाँ सम्पादक शेरबहादुर के.सी.सँग पहिले उहाँको शव पत्रकार महासंघ लैजाने त्यहाँ उहाँको अन्तिम श्रद्धाञ्जली सकेपछि दैनिक लुम्बिनीको कार्यालयमा ल्याउने र यहाँ पनि त्यस्तै अन्तिम श्रद्धाञ्जली दिएपछि बल्ल उहाँको अन्तिम अन्त्यष्टिका लागि मगरघाट लैजाने कुरा भइरहेको थियो। तर पछि उहाँको शव सिधै मगरघाट पुर्‍याइसकेको जानकारी आयो। त्यही अनुरुप म सम्पादक शेरबहादुर के.सी.सँग त्यहाँ पुग्यौं र उहाँको अन्तिम विदाई श्रद्धाञ्जली र अन्तिम दाहसंस्कारको तयारी गरियो।

जन्म र मृत्यु प्राकृतिककै उपज हो। जन्मेपछि एकदिन मर्नैपर्दछ यो प्रकृतिको नियम हो। तैपनि जन्मिदा हर्ष-खुसी अनि मृत्युमा दुःखी हुने मानवीय स्वभाव हो। हाम्रा आदरणीय व्यक्तित्व कर्ण बहादुर कार्कीको यो मृत्युले उहाँको सपरिवार, इष्टमित्र सबैलाई दुःखित पारेको छ। तैपनि उहाँको अन्तिम श्रद्धाञ्जली विदाई सबैले गर्नै पर्ने त्यसैले पत्रकार महासंघका पत्रकार, पार्टीका सबै नेता-कार्यकर्ता, नागरिक अगुवा अनि उहाँको सपरिवार, इष्टमित्र सबैको सामु त्यही मगरघाटमा एउटा अन्तिम श्रद्धाञ्जली शोकसभा सम्पन्न भयो। त्यसमा पत्रकार महासंघका सदस्य पत्रकारहरु डा. बालकृष्ण चापागाईं, मोहन चापागाईं, रुपन्देही सभापति रामराज पोखरेल, शेरबहादुर के.सी. यानेन्द्र जिसी आदिले शोक व्यक्त गर्दै सपरिवारप्रति समवेदना व्यक्त गरेका थिए। त्यस्तै पार्टीबाट नेकपा (माओवादी केन्द्र) का स्थायी समिति पदाधिकारी सदस्य तथा पूर्व मन्त्री चक्रपाणि खनाल 'बलदेव', नेकपाका शरद ओली, क.बसन्त श्रेष्ठ लगायत अन्य पार्टी नेता र कार्यकर्ताहरुले पुष्पगुच्छा अर्पण गर्दै अन्तिम श्रद्धाञ्जली व्यक्त गरे।

त्यस्तै नागरिक समाजका अगुवा पदम कार्कीले नेपालको सूर्य, चन्द्र, अंकित झण्डा ओढाएर अन्तिम विदाई गर्नुभएको थियो। शोकसभामा कर्णबहादुर कार्कीजीले मुलुकको पत्रकारिता, समाज परिवर्तन र राजनीतिक परिवर्तनका लागि गरेका उल्लेखनीय योगदानको चर्चा भएको थियो। नेकपा (मा.के.) का नेता चक्रपाणि खनाल (बलदेव) ले उहाँका यी योगदानहरुको बारेमा एउटा छुट्टै स्मारिका ग्रन्थ नै प्रकाशित गर्नुपर्ने बताउनुभएको थियो।

पछि छुट्टै भेटमा पुनः मैले क. बलदेवलाई त्यसको लागि साँच्चै नै पहल कदमी गर्नका लागि अनुरोध गरे। त्यसका लागि मैले के गर्नु पर्ने हो त्यो गर्न पनि तयार रहेको बताए। प्रसिद्ध प्रगतिशील साहित्यकार तथा लेखक प्राध्यापक दिल साहनीले उहाँप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै उहाँको त्यो जुझारु विद्रोही स्वभावको प्रशंसा गर्नुभएको थियो।

कर्णबहादुर कार्कीजी दैनिक लुम्बिनीका संस्थापक सम्पादक तथा प्रकाशक, नेपाल पत्रकार महासंघका पूर्व केन्द्रीय उपाध्यक्ष एवम् प्रेस स्वतन्त्रता सेनानी मात्रै नभएर समाज र राष्ट्रको आमूल परिवर्तनका राजनीतिक क्रान्तिकारी नेता पनि हुनुहुन्थ्यो। उहाँ सुरुमा नेकपा (चौ.म.) अनि पछि नेकपा (मसाल) नेकपा (एकता केन्द्र) र पछि नेकपा (माओवादी) पार्टी सदस्य पनि हुनुहुन्थ्यो। नेकपा (एकता केन्द्र) मै रहँदा उहाँ जनमोर्चा नेपालको तर्फबाट २०४८ सालम

ा सांसद उम्मेदवार पनि बन्नुभएको थियो। पछिल्लो कालमा प्रत्यक्ष राजनीतिमा त्यति सक्रिय नभए पनि सामाजिक तथा नागरिक एवम् राष्ट्र परिवर्तनका लागि आफू सक्दो योगदान पुर्‍याइरहनु भएको थियो। चाहे देशको २०३५/०३६ सालको जनआन्दोलन होस् चाहे २०४५/०४६ सालको परिवर्तनमा उहाँको ठूलो महत्वपूर्ण योगदान छ।

पछि १० वर्षे माओवादी जनयुद्ध कालमा पनि २०६२।०६३ को लोकतान्त्रिक गणतान्त्रिक आन्दोलनमा उहाँको प्रत्यक्ष सहभागिता रहेको थियो। यतिसम्मकि २०६२।०६३ सालको आन्दोलनका लागि संविधानसभाका लागि नागरिक अभियानका उपाध्यक्ष भई काम गर्नुभएको थियो। त्यही अभियान अन्तर्गत उहाँकै नेतृत्व र अगुवाईमा दैनिक लुम्बिनी पत्रिकाको तर्फबाट सन्ध्याकालीन प्रकाशन बुलेटिन पनि प्रकाशित भएको थियो। उक्त बुलेटिन त्यो आन्दोलनकालभरि बुटवलमा सबैका हात हातमा पुर्‍याई उक्त आन्दोलनका लागि ठूलो योगदान पुगेको थियो। तर अब यी सबै स्मरणका यात्राहरु मात्रै भएका छन्। तैपनि हामी जस्ता लेखक तथा शुभचिन्तक एवम् राजनीतिक दल नेताहरु जस्तो माथि नेकपा (मा.के.) का नेता बलदेवले भने जस्तै स्मारिका तथा सोध ग्रन्थहरु प्रकाशमा ल्याउन सके आगामी युवा पुस्ताका लागि यी सबै प्रेरणाका स्रोत बन्ने निश्चित छ।

व्यक्तिगत रुपमा मेरो भेट कार्कीजीसँग २०३८ सालमा भएको थियो। नेकपा तत्कालीन चौ.म. को पार्टी सम्मेलन भारतको गोरखपुरमा भएको थियो। उक्त सम्मेलन पछि म काठमाडौं जानुपर्ने तर मलाई बाटा खर्च गाडी भाँडाको अभाव थियो। त्यसका लागि क.मोहन विक्रम सिंहले एउटा लेखसहित कर्णबहादुर कार्कीजीलाई एउटा पत्र लेखिदिनु भयो।

उक्त लेख कार्कीजीले पछि आफ्नै प्रकाशन आवाजमा प्रकाशित गर्नुभयो। काठमाडौं चल्ने एउटा गाडी ड्राइभरसँग मेरो सम्पर्क गराई मलाई काठमाडौं पठाउने काम गर्नुभयो। उक्त लेखको प्रकाशन पछि कार्कीजीको पत्रिका आवाज र उहाँको ठूलो चर्चा परिचर्चा पार्टीभित्र लामो समयसम्म रहिरहयो। पार्टीभित्रको अन्तरपार्टी विवादलाई त्यसले बाहिर ल्याएको भन्दै उहाँको आलोचना भयो भने मोहन विक्रम कमरेडलाई त पार्टीले कारबाही नै गर्‍यो।

त्यसपछि पनि पटकपटक क.मोहन विक्रमका त्यस्ता लेखहरु जमर्को र आवाजबाट उहाँले प्रकाशित गराइरहनुभयो। अहिले पनि क. मोहन विक्रमले मसँग भेट हुँदा कार्कीजीको के छ ? हाल खबर सबै बुझ्ने गरिररहनु हुन्छ। पछि २०४५ सालमा पार्टी र हाम्रै सरसल्लाहमा दैनिक लुम्बिनी प्रकाशन उहाँले गर्नुभएको थियो। कुनै बेला मसाल पार्टी भन्नु नै कर्णबहादुर कार्की र कर्णबहादुर कार्कीभन्दा बित्तिकै मसाल भन्ने बुझाई धेरैको थियो।

हुन पनि कर्णबहादुरजीलाई देख्दा बित्तिकै यहाँ मसाल आयो भन्दै कोही लुक्थे भाग्थे भने धेरै उहाँको अघि पछि लाग्दै आधार सम्मान गरेको पाइन्थ्यो। चोर, फटाहा, लुटेरा र अपराधी, राष्ट्र र जनघाती, पञ्चे, मण्डले उहाँलाई देख्दा लुक्थे भाग्थे र डराउँथे भने शोषित, पीडित, न्यायप्रेमी जनता भने उहाँसँग आउँथे र आफ्ना समस्या बताउँथे।

त्यसलाई कार्कीजीको सर्वप्रथम पत्रिका मार्फत् उठाउने त्यसपछि आवश्यक परे प्रत्यक्ष कारबाहीमा नै उत्रिहाल्ने उहाँको बानी थियो। त्यस्ता कैयौं फटाहा अपराधीहरु कारबाहीमा परे भने धेरैले उद्धार, राहत र न्याय पाएका थुप्रै उदाहरणहरु छन्।

यस्ता उदाहरण मध्ये एउटा उदाहरण २०४६ पछि भएको सुकुम्बासी समस्याको छ। तत्कालीन कांग्रेस-वाममोर्चा सरकारले रुपन्देहीमा सुकुम्बासी हटाउने उर्दी जारी गर्‍यो। त्यसको विरुद्ध तत्कालीन मसालले सुकुम्बासीलाई संगठित गरी आन्दोलन चलायो। सरकार पुलिस लगाएर सुकुम्बासी दबाउन लाग्यो भने हामी सुकुम्बासीलाई संगठित गरी त्यसको प्रतिरोधमा लाग्यौं। त्यसको नेतृत्व यहाँ कार्कीजीले गर्नुभएको थियो। चक्का जाम, हड्ताल, गाउँगाउँमा प्रतिकार मोर्चा निर्माण अन्तत तत्कालीन कांग्रेस-वाम मोर्चा पछि हट्न बाध्य भयो। सुकुम्बासीहरुसँग सम्झौता गरी तत्कालीन जहाँ जहाँ जुन स्थितिमा सुकुम्बासीहरुको बसोबास छ, त्यसलाई नै यथावत राखी बाउन्डरी गर्ने काम भयो। सम्भवत त्यही सम्झौता नै अहिलेसम्म यहाँ यथावत छ।

अर्को एउटा घटना कालो बजारिया विरुद्धको छ। तत्कालीन पार्टी नेकपा (एकता केन्द्र) ले नेपाल बन्दको आयोजना गरेको थियो। त्यही मौका पारी एउटा पेट्रोल पप्प जुन त्यतिबेला अंचल हस्पिटलको उत्तर साइडमा अवस्थित थियो। त्यसले धमाधम पेट्रोलमा मट्टितेल मिसाइरहेको खबर केही गाडी चालकहरुले कर्ण बहादुरजीलाई खबर गरे छन्।

त्यसपछि तत्काल बुटवलमा रहेका केही हाम्रा कार्यकर्ताहरुलाई बोलाई त्यहाँ गई रंगेहात पप्प संचालकलाई समातियो। त्यसको प्रतिकारमा उत्रन खोजेपछि कार्कीजीले उल्टै त्यसलाई कालो मोसो दली शहर घुमाइयो। त्यो गरे बापत कर्णबहादुरजी र मलाई प्रहरीले गिरफ्तार गरी मुद्दा चलायो। पछि अदालतबाट धरौटी बुझाई हामी तारिकमा छुट्यौं। त्यो दिनभरि नै यसैको कारण पटकपटक जनता र पुलिसबीच झडप भइरहयो। दिनभरि तोडफोड, नारा, जुलुस, लाठीचार्ज प्रहरी दमन भइरहयो।

कर्णबहादुर कार्की सम्बन्धित यस्ता कैयौं घटना यहाँ भएका थिए। ती सबैको बेली विस्तार अहिले यहाँ सम्भव छैन। पछि क्रमशः यी घटनाक्रम सबैको चित्रण गरिनेछ। यहाँ अहिले केवल कार्कीजीको अन्तिम अवस्था र सम्झनाका लागि एकआध यस्ता घटनाहरुको जानकारी गराउन मात्र खोजिएको छ। सारमा भन्नुपर्दा कर्णबहादुर कार्की एउटा निडर साहसी जनपक्षीय क्रान्तिकारी नेता हो। पत्रकारितामा मात्रै होइन उहाँले समाजको लागि राज्य व्यवस्थाकै विरुद्ध विद्रोही आवाज बुलन्द गर्ने एउटा पत्रकार राष्ट्रिय सेनानी मात्रै नभई एउटा प्रतिक्रियावादी राज्य सत्ताकै विरोधी क्रान्तिकारी सेनानी हुनुहुन्थ्यो। दुःखद छ, आज हाम्रो सामु त्यस्तो क्रान्तिकारी सेनानी रहनुभएन। अलविदा, भावपूर्ण अन्तिम श्रद्धाञ्जली पत्रकार तथा जनसेनानी कमरेड कर्णबहादुरजीलाई। साथै यो दुःखद घडीमा उहाँको सपरिवारप्रति भावपूर्ण समवेदना व्यक्त गर्न चाहन्छु।


## Malarani Rural Municipality
Khanadaha, Arghakhanchi
Lumbini Province, Nepal

## Invitation for Bids

Date of publication: 04October, 2024

Malarani Rural Municipality, Khanadaha Arghakhanchi invites electronic Sealed Quotations/Bids from eligible bidders for the procurement and supply of goods/procurement of works as mentioned below:

| IFB No. | Contract Name | Bid Document Fee (NPR) | Bid security Amount (NPR) | Estimated Amount (Exclusive of VAT & Contingencies) (NPR) | Last Date of Bid Submission |
|---|---|---|---|---|---|
| MRM/G/SQ/ 2081/082/06 | Procurement and Supply of Medicine Items (for chronic patients) for Malarani Rural Municipality | 1000.00 | 70000 | | 21/10/2024 12:00 (2081/07/05) |
| MRM/W/SQ/ 2081/082/07 | Upgradation of Road between Beththala and Chhedako Khet Malarani-2 | 1000.00 | 31000 | 1035007.32 | 21/10/2024 12:00 (2081/07/05) |
| MRM/W/ NCB/ 2081/082/08 | Construction of Multipurpose Building Malarani RM-2 | 3000.00 | 58000 | 2002504.67 | 11/11/2024 12:00 (2081/07/26) |
| MRM/W/SQ/ 2081/082/09 | Miscellaneous Works at Administrative Office Building | 1000.00 | 20000 | 680884.42 | 21/10/2024 12:00 (2081/07/05) |

For more details, please visit PPMO website: www.bolpatra.gov.np/egp. or www.malaranimun.gov.np. or scan the QR code for full notice.

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो,
इन्द्रै विन्ती गरून् झुकेर पाद्मा त्यो विन्ती मान्दैन त्यो,

# हार्दिक समवेदना



जन्मः २०११/०६/१५

स्वर्गारोहणः २०८१/०६/११

## स्व. कर्णबहादुर कार्की

लुम्बिनी राष्ट्रिय दैनिकका संस्थापक सम्पादक, नेपाल पत्रकार महासंघका पूर्व उपाध्यक्ष एंव प्रेस स्वतन्त्रता सेनानी **कर्णबहादुर कार्की**को यही असोज ११ गते भएको असामयिक निधनले हामी मर्माहत भएका छौं । लुम्बिनी राष्ट्रिय दैनिकको संस्थागत विकास र रूपन्देहीको पत्रकारितामा उहाँले पुऱ्याउनु भएको योगदानको हामीले सधैं सम्झिरहने छौं । स्वर्गीय कार्कीप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछौं ।

**शेरबहादुर के.सी.** सम्पादक | **एम.बी. विश्वकर्मा** सल्लाहकार | **मोहन चापागाई** अध्यक्ष

दैनिक लुम्बिनी निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

**सिद्धार्थ पब्लिकेशन प्रा.लि. परिवार**

बुटवल-११, माझगाउँ, देवीनगर

---

**Lumbini Province Government**

**Ministry of Physical Infrastructure Development**

**Transport Infrastructure Directorate**

## Road Infrastructure Development Office

**Palpa**

# Invitation for Online Bids

First date of publication:4th October, 2024(18ndAshoj, 2081)

Road Infrastructure Development Office (RIDO), Palpainvites electronic bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for following work under NCB system. All other information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp.

| S.N. | Name of Project | Contract Identification | Estimate Amount(excluding VAT & PS (NRs.) | Bid Security (NRs.) |
|---|---|---|---|---|
| 1 | Upgrading of Bankatta Jholunge Pul to Karembhe Khayerbot Chowk Road, Rampur-02 | RIDO-PAL-W-NCB-91-2081/082 | 25,44,209.89 | 69,000.00 |
| 2 | Upgrading of Beldanda GaldhaphantKathaidandaPataksar Motor Bato, Nisdi-05, Rampur-6&7 | RIDO-PAL-W-NCB-92-2081/082 | 25,44,236.80 | 69,000.00 |
| 3 | Upgrading Of Chappani Sikhre Motorbato, Bagnaskali-9 | RIDO-PAL-W-NCB-93-2081/082 | 25,36,931.76 | 69,000.00 |
| 4 | Upgrading Of Dharampani Bajhkatuwa AmaraiSadak, Bagnaskali-02 Pokharathok, Palpa | RIDO-PAL-W-NCB-94-2081/082 | 29,64,551.24 | 80,000.00 |
| 5 | Upgrading Of Kailashnagar Thanipokhara BarangdiArchale Sadak,Tansen-05, Palpa | RIDO-PAL-W-NCB-95-2081/082 | 21,13,245.37 | 57,000.00 |
| 6 | Upgrading of Bhairabsthan Mandir Pahunch Marg | RIDO-PAL-W-NCB-96-2081/082 | 21,16,058.79 | 57,000.00 |
| 7 | Upgrading of Siddheshwor Sardewa Dhustung Deurali Kshatiwan (Kachal) Khursanidanda Dadegaun Ranibagia Khani Pauch Marg | RIDO-PAL-W-NCB-97-2081/082 | 25,41,375.08 | 69,000.00 |
| 8 | Upgrading of Ribdikot Ga.Pa. Kusumkhola Mainadi Mujhung Amlabas Motor Bato | RIDO-PAL-W-NCB-98-2081/082 | 33,81,175.56 | 92,000.00 |
| 9 | Upgrading of Amlabas DhojabanneTansingal Somadi Siddheshwor Sadak | RIDO-PAL-W-NCB-99-2081/082 | 21,17,156.89 | 57,000.00 |
| 10 | Upgrading of Pelabas Balgha Arghakhanchi Road | RIDO-PAL-W-NCB-100-2081/082 | 25,30,042.02 | 69,000.00 |
| 11 | Upgrading of Harthok Tingire Chhahara Road | RIDO-PAL-W-NCB-101-2081/082 | 63,28,921.14 | 1,70,000.00 |
| 12 | Upgrading of Tansen Ranimahal Road | RIDO-PAL-W-NCB-102-2081/082 | 25,28,398.13 | 69,000.00 |
| 13 | Upgrading of Sarkari Karyalaya Pahunch Marg | RIDO-PAL-W-NCB-103-2081/082 | 17,39,515.38 | 47,000.00 |
| 14 | Upgrading of Dhagokarkhana Charange Jhumsa Sadak | RIDO-PAL-W-NCB-104-2081/082 | 48,78,468.92 | 1,32,000.00 |
| 15 | Upgrading of Jhumsa Sarankot Hatikot Motor Bato, Tinau Ga.Pa.,Palpa | RIDO-PAL-W-NCB-105-2081/082 | 42,38,482.47 | 1,15,000.00 |
| 16 | Upgrading of Bastari Khahare Devgir Road, Ta.Na.Pa.-07, Palpa | RIDO-PAL-W-NCB-25-2081/082 Re | 33,79,711.32 | 1,05,000.00 |
| 17 | Upgrading of Bayerghari Tallo Ganashal agricultural Road, Ta.Na.Pa-10,Palpa | RIDO-PAL-W-NCB-31-2081/082 Re | 17,20,594.03 | 54,000.00 |

---

## Panini Rural Municipality

**Office of the Rural Municipal Executive**

**Durgaphant, Arghakhachi**

# Invitation for Electronic Bids

**Notice No. 02/Panini/Procurement/081-82**

First Date of publication:2024/10/04(B.S. 2081/06/18)

1. Panini Rural Municipality Office, Durgaphant, Arghakhanchi invites only electronic bids from duly eligible and qualified registered Suppliers for the procurement of following Goods under Sealed Quotation Procedure. Name and identification of contracts are mentioned below though the details are in the bidding document.

| S.N. | Contract ID. | Project Description | Estimated Amount (Including VAT ) | Bid Security |
|---|---|---|---|---|
| 1 | PRM/SQ/Goods/03/81-82 | Procurement and supply of Computers & Printers. | NRs.9,63,438/- | NRs. 25,000.00 |
| 2 | PRM/SQ/Goods/04/81-82 | Procurement and supply of Stationary Items. | NRs.12,48,334/- | NRs. 33,000.00 |
| Bid Document Fee :Rs1,000.00. Last date of Bid Submission : 2024/10/20 12:00 Noon. | | | | |
| Bid Opening : 2024/10/20 1:00 PM . | | | | |

| Bank Name | Name of Office | For Purchasing Bid Document | Cash Deposit for Bid Security |
|---|---|---|---|
| Global IME Bank Ltd. Pokharathok, Arghakhachi | Panini Rural Municipality Office, Durgaphant, Arghakhachi | Ga.1.1AantarikRajashwo Khata Panini 21504010000016 | Ga.3.1Dharauti Khata Panini 21504010000009 |

2. Tender Procedures shall follow public procurement act 2063, public procurement regulation 2064 and Standard Bidding Documents along with recent amendments.
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

---

# देवचुली नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

**प्रगतिनगर नवलपरासी (बर्दघाट सुस्ता पूर्व)**

**गण्डकी प्रदेश, नेपाल**

## देवचुली नगर अस्पतालको औषधि खरिद सम्बन्धी विद्युतीय बोलपत्र आह्वानको सूचना !

**प्रथम पटक प्रकाशित मिति : २०८१/०६/१८**

आ.व. २०८१/०८२ मा यस देबचुली नगरपालिका अन्तर्गत देवचुली नगर अस्पताल (प्राथमिक स्वास्थ्य केन्द्र, दुम्कौली) को फार्मेसी संचालनको लागि आबश्यक पर्ने औषधिहरु बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही ईजाजत प्राप्त ईच्छुक औषधि कम्पनी,बिक्रेता तथा सप्लायर्सहरुबाट यो सूचना प्रकाशित मितिले दिन (मिति २०८१/०७/२१) सम्म बोलपत्र फारम खरिद गरी PPMO को वेबसाइट www.bolpatra.gov.np/egp .बाट बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

१. बोलपत्र खरिद गर्न आधिकारिक निवेदनका साथ निम्न कागजातहरु अनिबार्य रुपले समाबेश गरी PPMO को वेबसाइट www.bolpatra.gov.np/egp. मा अपलोड गर्नुपर्ने छ (क) औषधि व्यवस्था विभागबाट प्राप्त नवीकरण सहितको ईजाजत पत्रको प्रतिलिपि (ख) मु.अ.कर / पानमा दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि (ग) आ.ब. २०७९/०८० सम्म कर चुक्ता भएको प्रमाण-पत्रकोप्रतिलिपि (घ) नबीकरण भएको फर्म वा ब्यबसाय दर्ता प्रमाण-पत्रको प्रतिलिपि (ङ) स्व घोषणा पत्र (छ) यस कार्यालयको NIC ASIA BANK दलदलेमा रहेको राजश्व खाता नं.०७७२०५००२९१६५००२ मा रु ३०००/- तिरेको ( फिर्ता नहुने गरि )बैंक भौचर स्क्यान गरि वेबसाइटमा अपलोड गर्नुपर्नेछ।
२. रितपुर्बक खरिद भएकाबोलपत्र यो सूचना प्रकाशित भएको मितिले दिन (मिति २०८१/०७/२१)१२ बजे सम्म दर्ता गरी सक्नुपर्नेछ, सो बोलपत्र मिति २०८१/०७/२१ गते दिनको १.०० बजे यस कार्यालयमा खोलिने छ, बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि खोल्न बाधा पर्ने छैन।
३. रित नपुगेको बोलपत्र उपर कुनै कारबाही गरिने छैन।
४. बोलपत्र खरिद गरिने अन्तिम दिन वा खोलिने दिन सार्बजनिक बिदा परेमा उक्त कार्यको भोलिपल्ट सोही समयमा तोकिए अनुसारको कार्य हुनेछ।
५. बोलपत्रदाताले देबचुली नगरपालिकाको कार्यालयको NIC ASIA BANK दलदलेमा रहेको धरौटी खाता नं. ०७७२०५००२९१६५००७ मा धरौटी रकम रु ५०००००/- ( पाँच लाख रुपैयाँ मात्र ) जम्मा गरेको सक्कल भौचर वा सो बराबरको मान्यता प्राप्त क बर्गको बैंकले जारी गरेको कम्तिमा १२० दिन म्याद भएको बोलपत्र जमानत (बिडवण्ड) को सक्कल प्रति पेश गर्नुपर्नेछ।
६. विद्युतीय बोलपत्र पेश गर्दा रकम अंक र अक्षर दुबैमा अनिबार्य उल्लेख गर्नुपर्नेछ, अंक र अक्षरमा फरक परेमा दररेट महलको अक्षरलाई मान्यता दिइनेछ।
७. पेश भएका विधुतिय बोलपत्र आंशिक,आइटमवाईज वा पूर्ण रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस देबचुली नगरपालिकामा निहित रहनेछ ।
८. बोलपत्र साथ पेश गर्ने कागजातको प्रतिलिपिहरू प्रचलित कानुन अनुसार प्रमाणित भएको हुनुपर्नेछ।
९. खरिद गरिने औषधिको प्रयोग अबधि (Expiry Date ) कम्तिमा १८ महिना वा ७५% म्याद बाकि रहेको हुनुपर्नेछ।
१०. बोलपत्रदाताले औषधिको हकमा कम्पनीको नाम खुलाउनु पर्नेछ बोलपत्रमा भरिएका औषधिहरुको सोहि औषधि कम्पनिहरुको manufacturer Authorization Letter पेश गर्नुपर्नेछ अन्यथा बोलपत्र मूल्यांकनमा समाबेश गरिने छैन।
११. बोलपत्र स्वीकृत भएपछि सम्झौता गर्न आउँदा सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा ४ (३) अनुसारले हुन आउने रकम यस कार्यालय देबचुली नगरपालिकाको NIC ASIA BANK दलदलेमा रहेको धरौटी खाता नं. ०७७२०५००२९१६५००७ मा जम्मा गरेको भौचर वा सो रकम बराबरको ठेक्का सर्त रहेको कुनै मान्यता प्राप्त क वर्गको बैंकले जारी गरेको कार्य सम्पादन जमानत (पर्फर्मेन्स ग्यारेन्टी) पेश गर्नुपर्ने छ, रकम सम्झौता गर्न आह्वान गर्दा तोकिनेछ।
१२. बोलपत्र मूल्यांकन गर्दा नगरपालिकाले आवश्यक ठानेमा नमुना औषधी माग गरी सो को आधारमा मूल्यांकन गर्न सक्नेछ।
१३. बोलपत्रदाताले सप्लाई गर्ने औषधि WHO/GMP Certified कम्पनीको हुनुपर्नेछ र ढुवानी तथा अन्य करहरु दरभाउ पत्रदाता स्वयंले व्यहोर्नुपर्नेछ
१४. बोलपत्रदाताले औषधि सप्लाई गर्दा समय सिमा भित्र एक आर्थिक बर्षको (आ.ब. २०८१/०८२) को हुनेछ तर आ.ब.०८१/०८२ को टेन्डर भए पनि अर्को (आ.ब. ०८२/०८३) बर्षको टेन्डर प्रक्रिया पुरा भई औषधि सप्लाई नहुँदासम्म यस नगरपालिकालाई आवश्यक परेको औषधि कार्यालयले माग गरेको खण्डमा सप्लाई गर्नुपर्नेछ तर बोलपत्र दाताले दररेटमा परिबर्तन गर्न पाउने छैन।
१५. बोलपत्रमा उल्लेखित औषधिहरु तोकिएको समयभित्र पटक-पटक रुपमा खरिद गरिनेछ तर खरिद गरिने सामानको परिणाम तथा आइटम नगर अस्पतालको आबश्यकता अनुसार थपघट हुन सक्नेछ।
१६. आफुले सप्लाई गर्ने प्रत्यक औषधिहरु औषधि व्यवस्था विभागमा दर्ता भएको हुनुपर्नेछ औषधिको प्याकिंग (स्ट्रिप,बोतल) बाहिर औषधिको जेनेरिक नाम,शक्ति, उत्पादन मिति,मूल्य,एस्कपाइरि मिति,ब्याच नं.,उत्पादक कम्पनीको नामप्याकिंगमा स्पष्टसंग उल्लेख भएको हुनुपर्नेछ र सप्लाई गर्दा टुटफुट भएमा वा केही कारणले बिग्रेमा सप्लायर्सले फिर्ता गरी अर्को औषधि उपलब्ध गराउनुपर्नेछ अन्यथा औषधिहरु कार्यालयले लिने छैन।
१७. सप्लाई गरिएका औषधिहरु निरीक्षण वा परीक्षण गर्दा सम्झौतामा उल्लेखित गुणस्तर बमोजिमको नभए सम्झौता रद्द गरिनेछ।
१८. सम्झौता गरि सम्झौता अनुसार औषधि सप्लाई नगर्ने फर्मलाई नियमानुसार कालो सुचिमा दर्ताका लागि सम्बन्धित निकायमा लेखी पठाइनेछ।
१९. यसमा उल्लेख हुन छुट भएका अन्य कुराहरुको हकमा सार्बजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ तथा प्रचलित कानुन बमोजिम हुनेछ।
२०. साथै अन्य आवश्यक कुरा बुझ्नु परेमा कार्यालय समय भित्र मोवाइल नं. ९८४५५१७२४४ वा ९८४५१८९७३१ वा ९८४६११४९१५ मासम्पर्क राख्न सकिनेछ।

**तपशिल :**

| Contract no./ID | Description of works | Total Estimated amount (with vat) NRs | Bid security Amount (NRs) | Bid document Fee(NRs) | Remarks |
|---|---|---|---|---|---|
| 03/DEV/NCB/GOODS/2081/082 | Procurement and supply of medicine and medical related A ccesories for F/Y 2081/082 Devchuli Nagar Hospital,Dumkauli (Devchuli Municipality Nawalparasi (East) | 19101518.55/- | 500000/- | 3000/- | |

**प्रमुख प्रशासकीय अधिकृत**

देवचुली नगरपालिका

# दसैंमा रूपन्देहीमा एक हजार प्रहरी परिचालित हुने

**मोहम्मद हबिब**

*भैरहवा*

रूपन्देही प्रहरीले चाड पर्व दसैं, तिहारलाई लक्षित गर्दै एक हजार प्रहरी परिचालन गर्दै सुरक्षा दिने योजना बनाएको छ। प्रहरी कार्यालयले चाडपर्वका बेला हुने अपराधिक क्रियाकलापहरुलाई मध्यनजर गर्दै रुपन्देही प्रहरी प्रमुख प्रहरी उपरिक्षक रञ्जित सिंह राठौरको नेतृत्वमा विभिन्न सुरक्षा योजना बनाई जिल्ला सुरक्षाको व्यवस्था मिलाइएको छ।

चाडपर्वका बेलामा हुने विगतका अपराधिक क्रियाकलापहरुलाई लिएर चोरी, पकेटमारी, ठगी, लुटपाट, जबरजस्ती चन्दा संकलन, भैँ-भगडा, जुवा तास, सवारी भाडा वृद्धि, सवारी दुर्घटना ध्वनी प्रदूषण, कालोबजारी, विष्फोटक पदार्थको अवैध कारोबार, तस्करी र अवैध हातहतियार एवं लागुऔषध ओसारपसार गर्ने सम्भावनालई मध्यनजर गर्दै नियन्त्रण र न्यूनीकरणका लागि रुपन्देही प्रहरी प्रमुख प्रहरी उपरीक्षक राठौरको नेतृत्वमा कमाण्ड पोस्ट स्थापना गरी विभिन्न टोलीमार्फत् प्रहरी परिचालन गरिएको हो।

चाडपर्वको समयमा घरेलु मदिराको प्रयोगबाट हुन सक्ने सुरक्षा चुनौती, सावैजनिक यातायातमा हुन सक्ने महिला हिंसा तथा दुर्व्यवहार, मठ मन्दिर, किनमेल स्थान, साँस्कृतिक कार्यक्रममा भिड व्यवस्थापन, सरकारी कार्यालय र महत्वपूर्ण प्रतिष्ठानको सुरक्षा, चोरी, लुटपाट, चन्दा संकलनलगायतका घटनाहरू हुने गरेको छ भने मुख्यतया साइबार अपराध, विपद् जस्ता घट्ने सम्भावनालाई मध्यनजर गर्दै सुरक्षा व्यवस्था मिलाउनुका साथै आवागमन मार्गको सुरक्षा, पर्वको अवसरमा बाहिरका मानिसहरू समेत आ-आफ्नो घर फर्कने, सीमा क्षेत्रमा हुने हैरानी, कृयाकलापलाई नियन्त्रण तथा न्यूनीकरण गरी समग्र जिल्लाको शान्ति सुरक्षालाई मजबुद बनाई राख्न दसैं, तिहार तथा छठ पर्वको सुरक्षार्थको लागि विभिन्न सुरक्षा रणनीति अपनाइ जनशक्ति परिचालन गरी सुरक्षा व्यवस्था मिलाइएको एसपी राठौरले जानकारी दिए।

नागरिकको शान्ति सुरक्षालाई प्रभावकारी बनाउनका लागि चाडपर्वसम्मका लागि ४३ वटा पिकेट, ट्राफिक समेत रहने गरी मा.प.से/ला.प.से. सहितको चेक प्वाइन्ट १९ स्थानहरुमा, मोबाइल गस्ती १७ वटा, क्युआरटी मोटरसाइकल, साइकल गस्ती ४९ वटा, पैदल गस्ती १८ वटा, ट्राफिक समेत रहने गरी यात्रु सहायता कक्ष बेलहिया बसपार्क, बुटवल बसपार्क, भैरहवा बसपार्क, लुम्बिनी र कालिदह, सिमा नाकाहरूमा तस्करी नियन्त्रणका लागि जिल्लाभरका २४ स्थानहरुमा चेकिङ गरिने प्रहरी कार्यालयले जानकारी दिएको छ।

कार्यालयका अनुसार जिल्लामा तालिका अनुसार एक हजार प्रहरी कर्मचारी खटिने, चोरीलगायत अन्य अपराधसम्बन्धी सचेतनामूलक जिङ्गल बजाउने, सचेतनामूलक पर्चा पम्पलेट वितरण गर्ने/माइकिङ्ग गर्ने, आर्थिक कारोबार हुने स्थानहरुमा प्रहरीको उपस्थिति बढाउने, भारतीय सीमा नाकाहरुका साथै अन्य स्थानहरुमा पनि कुकुर परिचालन गरी चेकजाँच गर्ने, सीमा नाका तथा भिडभाड हुने स्थानहरूमा आवश्यकताअनुसार ड्रोन क्यामराले निगरानी गर्ने र सार्वजनिक सवारी साधनहरुमा सादा पोशाकमा प्रहरी परिचालन गर्नेछ।

शान्ति सुरक्षालगायत ट्राफिक व्यवस्थापनकै लागि भएका प्रहरी जनशक्तिको अधिकतम प्रयोग गर्ने गरी योजना बनेको छ। नागरिकको शान्ति सुरक्षालाई प्रभावकारी बनाउनकालागि प्रहरीले क्विक रेसपोन्स गर्ने गरी प्रहरीको कन्टोल सेवामा पनि जनशक्ति थप गरेको छ। प्रहरीले कहि कतै कुनै शंकास्पद कार्यको सूचना भए सबैलाई समन्वय र सहजीकरणको लागि पनि आग्रह गरेको छ। जसको लागि कार्यालय प्रमसख, सूचना अधिकारी र डिउटी अधिकृत वा १०० नम्बर फोन गरेर सूचना दिन सक्ने व्यवस्था मिलाइएको कार्यालयले जनाएको छ।



नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण ग्राहकवर्ग एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
राजु महर्जन
प्रोप्राइटर (एवम्)
होटल गौरीशंकर परिवार
तानसेन , पाल्पा



नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण ग्राहकवर्ग एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
मनोज आले
प्रोप्राइटर (तथा)
आले डेन्टल हस्पिटल प्रा.लि. परिवार
तानसेन, पाल्पा



नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण शिक्षक, अभिभावक, कर्मचारी, विद्यार्थी एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
महेशमान बज्राचार्य
अध्यक्ष (एवम्)
निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल,(प्याब्सन) तानसेन, पाल्पा



नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण शिक्षक, अभिभावक, कर्मचारी, विद्यार्थी एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
निर्मलप्रसाद खनाल
प्रधानाध्यापक (तथा)
आदर्श माध्यमिक विद्यालय परिवार रिब्दीकोट-२, पाल्पा



नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण ग्राहकवर्ग एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
लक्ष्मण बस्याल
अध्यक्ष (एवम्)
होटल तथा रेष्टुरेण्ट व्यवसायी संघ परिवार
तानसेन , पाल्पा



नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण शिक्षक, अभिभावक, कर्मचारी, विद्यार्थी एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
रुपचन्द्र थापा/ माधव नेपाल
प्रिन्सिपल अध्यक्ष (तथा)
बेथल इङ्गलिस बो. स्कूल परिवार
पाल्पा



नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण शिक्षक, अभिभावक, कर्मचारी, विद्यार्थी एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
हरिप्रसाद घिमिरे
प्रधानाध्यापक (एवम्)
जनता मा.वि.परिवार
तानसेन, पाल्पा



नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण ग्राहकवर्ग एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
होटल श्रीनगर प्रा.लि. परिवार
पाल्पा



नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण ग्राहकवर्ग एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
रोमकान्त न्यौपाने
प्रोप्राइटर (एवम्)
श्रीनगर डेरी मिल्क परिवार
तानसेन , पाल्पा



नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण देशबासी एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
विनायक महर्जन/ प्रविन शाक्य
सचिव अध्यक्ष (तथा)
नारायण युवा क्लब परिवार
तानसेन, पाल्पा



नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण शिक्षक, अभिभावक, कर्मचारी, विद्यार्थी एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
दिलिप रायमाझी
प्रिन्सिपल (एवम्)
भैरव मेमोरियल बो. स्कूल परिवार
रिब्दीकोट-४,पाल्पा



नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण ग्राहकवर्ग एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
रञ्जित कुँवर
प्रोप्राइटर (तथा)
पाल्पा रिब्दीकोट अकबरे खुर्सानी उद्योग तथा किसान एग्रोभेट परिवार रिब्दीकोट, पाल्पा



नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण शिक्षक, अभिभावक, कर्मचारी, विद्यार्थी एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
तानसेन बहुमुखी क्याम्पस परिवार
तानसेन, पाल्पा



नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण ग्राहकवर्ग एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
अमन श्रेष्ठ
प्रोप्राइटर (तथा)
होटल सिम्रिक परिवार
तानसेन, पाल्पा



नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण शिक्षक, अभिभावक, कर्मचारी, विद्यार्थी एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
चन्द्रप्रसाद गौतम/ सुमन पोखरेल
प्रधानाध्यापक अध्यक्ष (एवम्)
महेन्द्र जनता प्रा.वि.परिवार
रिब्दीकोट-४,पाल्पा



नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण ग्राहकवर्ग एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
विनायक महर्जन
प्रोप्राइटर (तथा)
न्यून लुम्बिनी प्रोडक्सन प्रा.लि. परिवार
तानसेन-७, पाल्पा



नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण शिक्षक, अभिभावक, कर्मचारी, विद्यार्थी एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
झलक रायमाझी
प्रधानाध्यापक (एवम्)
भैरव नवदीप मा.वि.परिवार
रैनादेबी छहरा, वडा नं ४ , पाल्पा



नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण देशबासी एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
लोकनाथ अधिकारी / निलकण्ठ देवकोटा
सचिव अध्यक्ष (तथा)
नेपाल ट्रेड युनियन कांग्रेस परिवार
तानसेन, पाल्पा



नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण देशबासी एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
सुवर्णमुनि शाक्य
सभापति (एवम्)
नेपाली कांग्रेस तानसेन नगर कमिटी परिवार
तानसेन, पाल्पा



नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण ग्राहकवर्ग एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
निर्मल प्रसाद आचार्य
पण्डित तथा
कालिका मन्दिर परिवार
बुटवल, रुपन्देही

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com